नेपाल लाइफ इन्स्योरेन्स कं. लि.

आ.ब ०७५/७६ को तेस्रो त्रैमासिकसम्मको वित्तीय परिणाम

वासलात

क्र.सं.	विवरण	लेखा परीक्षण नभएको यस त्रैमासिकको अन्त्य सम्ममा	लेखा परीक्षण नभएको अघिल्लो त्रैमासिकको अन्त्य सम्ममा	लेखा परीक्षण नभएको अघिल्लो आ.व.को सम्वन्धित त्रैमासिकको अन्त्य सम्ममा
१	श्रोत (१.१ देखि १.५ सम्म)	६९,९०८,४२५,७०३	६५,२४२,५९२,८४३	५५,८८५,२२४,०३९
१.१	चुक्ता पूँजी	४,३९६,९२८,६४८	४,३९६,९२८,६४८	४,३९६,९२८,६४८
१.२	जगेडा तथा कोष	५,६१२,४६२,२३७	३,७३६,१७०,२८६	३,४८०,२४३,९५९
१.३	जीवन बीमा कोष	५९,४६२,३३२,९४०	५६,७३८,३८७,७९६	४७,६८२,६३२,७४६
१.४	महाविपत्ती कोष जगेडा	४३६,७०१,८७८	३७१,१०६,११३	३२५,४१८,६८६
१.५	तिर्न बाँकी दीर्घकालिन ऋण तथा सापटी	-	-	-
२	उपयोग (२.१ देखि २.६ सम्म)	६९,९०८,४२५,७०३	६५,२४२,५९२,८४३	५५,८८५,२२४,०३९
२.१	स्थिर सम्पत्ति (खुद)	३०५,१६६,६९५	३०६,१७५,९७३	३०७,४६८,५४७
२.२	दीर्घकालिन लगानी तथा कर्जा	४१,५८१,०७८,७७३	४३,१२३,६८२,३४३	२३,३१०,०४९,२७९
२.३	बीमालेखको धितोमा कर्जा	११,०२८,२४२,६५६	१०,१०९,९७९,३७५	७,८७०,५२१,६३८
२.४	खुद चालु सम्पत्ति (३-४)	१६,९९३,१२०,६०३	११,७०१,३७७,०७०	२४,३९३,८७७,८०४
२.५	अपलेखन वा समायोजन हुन बाँकी विविध खर्च	८१६,९७५	१,३७८,०८३	३,३०६,७७०
२.६	नाफा नोक्सान हिसाबबाट सारेको नोक्सान	-	-	-
	खुद चालु सम्पत्तिको विवरण			
३	चालु सम्पत्ति कर्जा तथा पेश्कीहरु (३.१ देखि ३.३ सम्म)	१९,५०६,३६८,८२७	१५,०७२,९१६,२४३	२७,५०१,६०६,३९१
३.१	नगद तथा बैंक मौज्दात	२६०,३२१,०३०	२७२,८८२,०८४	१९३,७१६,९०३
३.२	अल्पकालिन लगानी तथा कर्जा	१४,४६८,१६१,६९६	१०,२९५,०९६,९०१	२३,७५२,६५०,०६८
३.३	अन्य सम्पत्ती	४,७७७,८८६,१०१	४,५०४,९३७,२५८	३,५५५,२३९,४२०
४	चालु दायित्व तथा व्यवस्थाहरु (४.१ देखि ४.४ सम्म)	२,५१३,२४८,२२४	३,३७१,५३९,१७३	३,१०७,७२८,५८७
४.१	चालु दायित्व	८४५,०११,७४५	७३९,७३४,४५१	१,४४६,४१५,९५३
४.२	असमाप्त जोखिम वापत व्यवस्था	१९१,०१०,०११	१९१,०१०,०११	२५२,१८०,०११
४.३	भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था	८७०,२२८,८८४	१,७८३,९८१,३०६	९४८,९९४,३०२
४.४	अन्य व्यवस्था	६०६,९९७,५८४	६५६,८१३,४०५	३३५,८३१,६४३

नाफा-नोक्सान हिसाब

१	आम्दानी (१.१ देखि १.५ सम्म)	७०८,३४०,१३३	४६०,६१८,१८७	८२६,५१६,००२
१.१	आय व्यय हिसाबबाट सारेको	४५,६५३,१९०	३६,४१९,१९५	२५२,२२८,६१३
१.२	जीवन बीमा कोषबाट सारेको*	-	-	-
१.३	लगानी कर्जा तथा अन्यबाट आय	६६२,६८६,९४३	४२४,१९८,९९२	५७४,२८७,३८९
१.४	व्यवस्था फिर्ता	-	-	-
१.५	अन्य आम्दानी	-	-	-
२	व्यवस्था तथा खर्चहरु (२.१ देखि २.८)	२४१,११६,१०४	१८०,०९२,०६६	३९०,७२९,३६४
२.१	व्यवस्थापन खर्च	७४,०४६,२३६	४४,२४२,२६६	३३,२५१,५१७
२.२	अपलेखन खर्च	-	-	-
२.३	अन्य खर्च	-	-	-
२.४	नोक्सानीको लागि व्यवस्था	१०,०१०,८३४	३६,११७,७७९	२०३,८३२,६०९
२.५	कर्मचारी आवास व्यवस्था	-	-	-
२.६	कर्मचारी बोनस व्यवस्था	६२,४२२,४६७	३८,०२२,०४५	५३,५७४,२८४
२.७	आयकर	९४,६३६,५६७	६१,७०९,९७६	१००,०७०,९५३
२.८	जीवन बीमा कोषमा सारेको	-	-	-
	खुद नाफा/नोक्सान (१-२)	४६७,२२४,०२९	२८०,५२६,१२१	४३५,७८६,६३८

*कम्पनीको बीमाङ्कीय मूल्याङ्कन पश्चात् प्राप्त हुने मुनाफा गणना गरिएको छैन ।

एकीकृत आय-व्यय हिसाब

१	आय (१.१ देखि १.७ सम्म)	२१,१२४,७९६,२६०	१५,१२०,८८१,५००	१५,४६८,२८४,८९५
१.१	बीमाशुल्क (खुद)	१५,१९०,९३७,३९९	१०,४७५,४७६,१९१	१०,६९५,७१५,८९४
१.२	पुनर्बीमा कमिशन आय	२१,७८१,९५३	१५,१८१,९५३	४,६००,०००
१.३	लगानी, कर्जा तथा अन्यबाट आय	३,१५२,७३८,९५८	२,१८८,९७९,९२४	२,९००,४३१,१५६
१.४	बीमालेखको धितोमा कर्जाबाट आय	७७७,३८७,४३५	४९९,४४०,०६५	६८८,१७३,३६०
१.५	अन्य प्रत्यक्ष आय	१३२,८४३,३३६	९३,९१०,८९०	८५,२३७,७४२
१.६	यस वर्षको शुरुको भुक्तानी हुन बाँकी दावी बापत व्यवस्था	१,५५५,१७५,६२८	१,५५९,९४४,१२८	७३९,४१२,१५१
१.७	यस वर्षको शुरुको असमाप्त जोखिम बापत व्यवस्था	२९३,९३१,५५२	२८७,९४८,३४९	३५४,७१४,५९२
२	व्यय (२.१ देखि २.१० सम्म)	१०,६८७,७५२,१६५	९,२१९,१४८,९४९	७,१०८,९१२,२७३
२.१	दावी भुक्तानी (खुद)	६,५६९,२३४,७५८	५,२००,०५४,९४०	३,७०२,९७३,०५६
२.२	अभिकर्ता कमिशन	१,८२८,७४०,४६१	१,२४२,५२७,७५४	१,२७३,६६८,५७७
२.३	स्वास्थ्य परीक्षण शुल्क	९,३८२,३६१	६,४५९,१५८	५,५६७,१८९
२.४	पुनर्बीमा कमिशन खर्च	-	-	-
२.५	सेवा शुल्क (खुद)	१५०,९७०,४९२	१०४,७५४,७६२	१०६,९५७,१५९
२.६	अन्य प्रत्यक्ष खर्च	२,०३९,५६८	१,३३१,२०१	२,३५६,६१४
२.७	व्यवस्थापन खर्च	६६६,४१६,१२८	३९८,१८०,३९०	२९९,२६३,६५६
२.८	आयकर	३९९,७२९,५०२	२९०,८४९,४२७	५१६,९५१,७०९
२.९	यस अवधिको अन्त्यको भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था *	८७०,२२८,८८४	१,७८३,९८१,३०६	९४८,९९४,३०२
२.१०	यस अवधिको अन्त्यको असमाप्त जोखिम वापत व्यवस्था	१९१,०१०,०११	१९१,०१०,०११	२५२,१८०,०११
३	वचत (१-२)	१०,४३७,०४४,०९५	५,९०१,७३२,५५१	८,३५९,३७२,६२२
३.१	जीवन बीमा कोषमा सारेको	१०,३९१,३९०,९०४	५,८६५,३१३,३५६	८,१०७,१४४,००९
३.२	नाफा नोक्सान हिसाबमा सारेको	४५,६५३,१९०	३६,४१९,१९५	२५२,२२८,६१३

* भुक्तानी हुन बाँकी दावी वापत व्यवस्था अन्तर्गत समर्पण मूल्य (Maturity Payment), आंशिक अवधि समाप्ती दावी (Partial Maturity Payment) र मृत्यु दावी (Death claim payment) पर्दछ । उल्लेखित रकम मध्य रु ९.१५ करोड मृत्यु दावी (Death Claim Payment) वापत व्यवस्था गरिएको छ ।

अन्य विवरण

१.	कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (हाल सम्म)	८३,९२३,१९८	७९,१५९,४८०	६३,१५२,४३९
	कुल बीमाशुल्क आर्जन रकम (रु.हजारमा) (यस आ.व.)	१५,३६७,४८१	१०,६०३,७६३	१०,७७५,४५८
२.	कुल कायम रहेको बीमालेखको संख्या	१,२३९,२४८	१,२०९,७२०	१,११२,५७९
३.	घोषित मुनाफा (बोनस) को दर (७४-७५ सम्मको)	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म
४.	अन्तरिम मुनाफा (बोनस) को दर (७५-७६ देखि हाल सम्म)	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म	प्रति हजार रु. ६२/- देखि रु. ८२/- सम्म
५.	कुल दावी भुक्तानी रकम (रु.हजारमा)	५,८८४,२८८	५,४२४,०९२	३,९१२,५५५
६.	कुल दावी भुक्तानी संख्यामा	३८,४२३	२८,४४८	२७,९४४
७.	भुक्तानी हुन बाँकी दावी रकम (रु.हजारमा)	८७०,२२९	१,७८३,९८१	९४८,९९४

द्रष्टव्य: १) कम्पनीको माथि उल्लेखित असमाप्त जोखिम वापतको व्यवस्था बीमाङ्कीय मूल्याङ्कन पश्चात् परिवर्तन हुन सक्ने छ ।
२) वित्तीय विवरणमा उल्लेख गरिएका विवरणहरु लेखा परीक्षण तथा नियमक निकायको निर्देशन पश्चात् हेरफेर हुन सक्ने छ ।

आ.व. २०७५/०७६ को तेस्रो त्रैमासिक प्रतिवेदन

(धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को नियम २६ को उपनियम १ को प्रयोजनका लागि)

१) वित्तीय विवरण:

क) तेस्रो त्रैमासिक अवधिको वासलात, आयव्यय हिसाब तथा नाफा नोक्सान हिसाब सम्बन्धी मिति २०७६/०१/३० गतेको कारोबार दैनिक पत्रिकामा प्रकाशित गरिएको छ ।

ख) प्रमुख वित्तीय अनुपातहरु :

बीमाङ्कीय मूल्याङ्कन पश्चात प्राप्त हुने मुनाफा जोड्दा वित्तीय अनुपातहरु फरक पर्न सक्छ ।

*प्रति शेयर आम्दानी : १४.१७	प्रति शेयर नेटवर्थ : २३७.५६	पि.ई. अनुपात : ७७.२९	प्रति शेयर कुल सम्पत्तिको मूल्य : १,५९०	औसत प्रतिफल दर : १०.०७

*प्रति शेयर आम्दानी गणना गर्दा अन्तिम शेयर संख्या लिएको छ ।

कम्पनीले आ.व.२०७५/७६ को तेस्रो त्रैमासिक अवधि सम्ममा रु. ४६.७२ करोड मुनाफा आर्जन गर्न सफल भएको छ । गत वर्ष सोहि अवधिमा रु.४३ .५७ करोड मुनाफा आर्जन भएको थियो । उक्त मुनाफाको दाँजोमा यस समिक्षा वर्षको मुनाफामा ७.२१ प्रतिशतले वृद्धि भएको छ । सो वित्तीय विवरणमा आय व्यय हिसाबबाट रु. १०३९.१४ करोड जीवन बीमाकोषमा सारी कुल जीवन बीमाकोष रु.५,९४६.२३ करोड भएको छ ।

२) व्यवस्थापकिय विश्लेषण:

क) कम्पनीको तेस्रो त्रैमासिक अवधिसम्ममा कुल बीमाशुल्क आर्जन रु. १,५३६.७५ करोड रहेको छ जुन गत बर्षको सोहि अवधिमा प्राप्त कुल बीमाशुल्क रु. १,०७७.५५ करोडको तुलनामा ४२.६२ प्रतिशतले बृद्धी भएको हो । आकर्षित प्रतिफल, समयानुकुल बजार प्रवर्द्धन रणनीति, बढ्दो जनचेतना र बीमितको सर्वोपरी हितका लागि गर्दै आएका प्रयासका कारण कम्पनीले उच्च बजारहिस्सा ओगड्दै आएको छ ।

कम्पनीले यस तेस्रो त्रैमासिक अवधिसम्ममा कुल रु. ५८८.७६ करोड दावी भुक्तानी गरेको छ । कम्पनीले सकेसम्म छिटो र छरितो तरिकाले बीमितहरुको दावी भुक्तानी गर्ने नीति अवलम्बन गरेको छ ।

कम्पनीले तेस्रो त्रैमासिक अवधिसम्ममा रु. ६७.०७ अर्ब भरपर्दो एवं सुरक्षित क्षेत्रमा लगानी गर्न सफल भएको छ जुन गत बर्षको सोहि अवधिसम्मको कुल लगानी रु. ५४.९३ अर्ब मा २२.११ प्रतिशतको बृद्धी हो । कम्पनीले बीमा समितिको लगानी निर्देशिका बमोजिम सुरक्षित क्षेत्रमा लगानी गर्दै आएको छ । बढ्दो बीमाशुल्क आर्जन र सुरक्षित लगानि वृद्धिले कम्पनिको वित्तीय क्षमता सुदृढ बनाएको छ ।

कम्पनीको यस त्रैमासिक अवधि सम्ममा विभिन्न जीवन बीमा योजना अन्तर्गत प्राप्त प्रथम बीमाशुल्कको वर्गिकरण यस अनुसार छ ।









(* बीमाङ्कीय मूल्याङ्कन हुन बाँकी)

ख) कम्पनीले बिद्यमान प्रतिस्पर्धात्मक अवस्थामा समयानुकुल व्यवसायिक योजना र रणनीति अवलम्बन गर्दै आएको छ फलस्वरुप, कम्पनीको व्यवसायिक बिस्तारमा तीब्रता तथा बीमितहरुलाई उच्च स्तरीय सेवा दिन लक्ष्य अनुरुप उपलब्धी हासिल गर्दै गएको र बाँकी अवधिमा पनि व्यवसाय तथा सेवा विस्तारमा विशेष ध्यान दिने लक्ष्य लिएको छ ।

ग) विगतको अनुभवबाट कम्पनीको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि देखिएको छैन ।

३) कानूनी कारवाही सम्बन्धी विवरण : नभएको ।

४) संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) समिक्षा अवधिमा भएको कम्पनीको शेयर कारोवार वास्तविक र यथार्थपरक रहेको पाएका छौं ।

ख) त्रैमासिक अवधि सम्मको शेयर कारोबारको बिवरण निम्न बमोजिम रहेको छ ।

अधिकतम मूल्य : रु १,१५०	न्यूनतम मूल्य : रु १,१२०	अन्तिम मूल्य : रु १,०९५	कारोबार संख्या : ५,०२,१५० कित्ता	कारोबार दिन : ६० दिन

५) समस्या र चुनौती: मुलुकमा जीवन बीमा व्यवसाय प्रति सकारात्मक भावनाको विकास भइरहेकोले जीवन बीमालाई सामाजिक सुरक्षा तथा अनुसाशित बचतको माध्यमको रुपमा स्थापित गर्न बीमा जागरण अभियानलाई थप ससक्त बनाउन जरुरी छ । दीर्घकालिन लगानीको अवसर न्यून भएकोले परम्परागत लगानीका क्षेत्रहरुमा मात्र लगानी एकीकृत भइरहने हुँदा केन्द्रित जोखिमको अवस्था रहेको छ । यसै गरी दक्ष जनशक्तिको अभावले केही चुनौतीहरु थपिएका छन् । कम्पनीले समयानुकुल व्यवसायिक रणनितिको कार्यान्वयनद्धारा चुनौतीहरुलाई अवसरमा परिणत गर्दै जानेमा विश्वास लिएको छ ।

६) संस्थागत सुशासन: कम्पनीले पारदर्शिता तथा जवाफदेहितालाई प्रथम प्राथमिकतामा राख्दै आएको छ । कम्पनीको अनलाईन कारोवार प्रणालीले आन्तरिक नियन्त्रण प्रणाली चुस्त राख्न सहयोग पुर्‍याएको छ । कम्पनीले आफ्नो हिसाब किताब सर्वमान्य लेखा सिद्धान्त, नेपाल लेखामान मापदण्ड अनुरुप राख्दै कम्पनीको कारोवारहरुलाई समयमै लेखा परीक्षण गर्दै आएको छ । कम्पनीले आफ्नो आन्तरिक नियन्त्रणलाई सबल बनाउन आन्तरिक लेखा परीक्षकको रुपमा स्वतन्त्र चार्टर्ड एकाउन्टेन्टलाई नियुक्ति गरी प्रत्येक त्रैमासिक अवधिको प्रतिवेदन प्राप्त गरी छलफल पश्चात बीमा समितिमा पठाउने गरिएको छ । कम्पनीले बीमा समितिद्वारा जारी संस्थागत सुशासन सम्बन्धी निर्देशिका बमोजिमका प्रावधानहरु कार्यान्वयन गर्दै संस्थागत सुशासन कायम गर्ने तर्फ व्यवस्थापन दृढ रहेको छ ।

७) सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण: आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित बिवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै बिवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।

रजिष्टर्ड कार्यालय: मेनरोड वीरगञ्ज (पर्सा)प्रधान कार्यालय: हेरिटेज प्लाजा १, दोश्रो तल्ला, कमलादी, काठमाडौं
फोन नम्बर: ९७७-१-४१६९०८२/८३/८५, फ्याक्स नं. ९७७-१-४१६९०७९
www.nepallife.com.np | info@nepallife.com.np

किनकि जीवन अमूल्य छ...